# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, फागुन २० गते २०६४ साल (संख्या ४६

## भाग ५

नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ बमोजिम रामेछाप जिल्ला, रामेछाप गा.वि.स. वडा नं. २ बस्ने श्री हिरण्य प्रसाद पौडेलले Floating Intake Structure पेटेण्ट दर्ता गराउनु भएकाले सोही ऐनको दफा ७क. को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
जनकराज जोशी
नेपाल सरकारको सचिव

नेपाल सरकार

### अर्थ मन्त्रालयको सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी भियतनाममा सम्पन्न भएको Asian Regional Olympic Qualification Tournament for Olympic 2008 का

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८० के. जी. तौल समुहमा तेश्रो स्थान प्राप्त गरी Olympic को छनौट भएका राष्ट्रिय तेक्वान्दो खेलाडी श्री दिपक विष्टले पुरुषतर्फ उत्कृष्ट खेल खेले वापत Samsung Company बाट उपहार स्वरुप प्रदान गरिने Samsung L.C.D.TV 32" आयात गर्दा T.V. मा भन्सार कार्यालयले कायम गरेको मूल्यमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरीHealth Nutrition Program को लागि Vitamin Angels U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २९,९७०.०० (उनान्तीस हजार नौ सय सत्तरी) मूल्य बराबरको औषधी तथा स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी इलाम जिल्ला स्थित मेघ बहादुर पराजुली सामुदायिक अस्पतालको लागि Direct Relief International, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १९७८.९१ (एक हजार नौ सय अठत्तर, सेण्ट एकानब्बे) मूल्य बराबरको Medical Supplies उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असूल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निणय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी तनहुँ जिल्ला स्थित मिर्लुङ गाउँ विकास समिति वार्ड नं. २ राईपालिकाका जनतालाई खानेपानी वितरणको लागि बेलायती नागरिक Richard Backwell बाट उपहार स्वरुप प्रदान गरिने



503

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बेलायती पाउण्ड ७७५.२५ (सात सय पचहत्तर, सिलिङ पच्चीस) मूल्य बराबरको पम्प आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महशुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क लगायतका कर शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सोलुखुम्बु जिल्ला स्थित श्री गार्मा निम्न माध्यामिक विद्यालयको लागि बेलायती नागरिक Mr. Allan Hill बाट सहयोग स्वरुप प्राप्त अमेरिकी डलर ६००.०० (छ सय) मूल्य बराबरको २(दुई) थान ल्यापटप कम्प्युटर आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नापी विभागको लागि China Metrological Administration, China बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ५३,०००.०० (त्रिपन्न हजार) बराबरको Metrological Equipments आयात गर्दा एक प्रतिशत भन्सार महसुल असूल गरी बाँको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालको लागि B. Braun, Austria & Lohmann & Rauscher बाट उपहार स्वरुप प्रदान गरिने यूरो २१,७००.३९ (एक्काइस हजार सात सय, सेण्ट उनन्चालिस) मूल्य बराबरको स्वास्थ्य उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी भक्तपुर क्यान्सर अस्पतालले अमेरिकी डलर २१,५००.०० (एक्काइस हजार पाँच सय) मूल्य बराबरको Endoscopies Machine with accessorics र जापानी ऐन १४,५०,००० (चौध लाख पचास हजार) मूल्य बराबरको Medical Equipment आयात गर्दा भन्सार महशुल, मूल्य अभिवृद्धि कर र स्थानीय विकास शुल्क पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ९

नेपाल सरकाले आर्थिक ऐन, २०६४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी अपाङ्गता सम्बन्धी परियोजनाको लागि France बाट उपहार स्वरुप प्रदान गरिने यूरो ११,५०२।४८ (एघार हजार पाँच सय दुई, सेण्ट अठचालीस) मूल्य बराबरको Orthopedic Equipment आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

## लोक सेवा आयोगको सूचना

निजामती सेवा नियमावली, २०५० को नियम ७२ को खण्ड (क) को उपखण्ड (अ) तथा खण्ड (ग) को उपखण्ड (अ) को प्रयोजनको लागि बढ़ुवा समितिको अध्यक्षमा देहायको पदाधिकारी तोकी सो बढ़ुवा सिफारिश उपर निजामती सेवा ऐन, २०४९ को दफा २४च. बमोजिम उजूरी सुन्ने अधिकारी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ को उपधारा (७) बमोजिम देहायको पदाधिकारीलाई प्रत्यायोजन गरिएको छः-



3023

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि.नं. | विवरण | बढुवा समितिको अध्यक्ष | उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|
| १. | निजामती सेवा नियमावलीको नियम ७२को खण्ड (क) को उपखण्ड (अ) को प्रयोजनको लागि | सम्बन्धित निकायको प्रशासन हेर्ने राजपत्राङ्कित प्रथम श्रेणीको पदाधिकारी । | सम्बन्धित राजपत्राङ्कित विशिष्ट श्रेणीको पदाधिकारी |
| २. | निजामती सेवा नियमावलीको नियम ७२को खण्ड (ग) को उपखण्ड (अ) को प्रयोजनको लागि | सम्बन्धित प्रमुख जिल्ला अधिकारी | सम्बन्धित पुनरावेदन अदालतका रजिष्ट्रार |

आज्ञाले,
कुमारप्रसाद पौडेल
लोक सेवा आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो,हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

2073

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।